स्थानीय राजपत्र

**केराबारी गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड ८, संख्या १८, ८ कार्तीक २०८१

## भाग-२

# केराबारी गाउँपालिकाको पशु विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०८१

स्वीकृत मिति :-२०८१।०७।०७

**प्रस्तावना** :-केराबारी गाउँपालिका क्षेत्र भित्र पशु विकास कार्यक्रमलाई व्यवस्थित गर्दै पशु पालन व्यवसायको व्यवसायिकरण गर्न साथै केराबारी गाउँपालिकामा पशुपालन व्यवसाय प्रति किसानहरुको बढदो आकर्षण तथा पशुजन्य वस्तुको मागलाई मध्यनजर गर्दै केराबारी गाउँपालिकाले चालु आ.व.२०८१।०८२ को बजेट तथा कार्यक्रममा उल्लेख गरेका कार्यक्रमहरुको व्यवस्थित तथा पारदर्शी रुपमा कार्यान्वयन गर्न केराबारी

गाँउपालिकाको विनियोजन ऐन, २०८१को दफा ५ बमोजिमको अधिकार प्रयोग गरि केराबारी गाँउ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि लागु गरेकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षित् नाम र प्रारम्भः-** **(१)**यो कार्यविधिको नाम **"केराबारी गाउँपालिकाको पशु विकास कार्यक्रमसंचालन कार्यविधि, २०८१**रहेको छ ।

यो कार्यविधि केराबारी गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :-** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "**कार्यक्रम**" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने पशु विकास कार्यक्रम सम्झनु पर्छ ।

ख) "**कार्यालय**" भन्नाले केराबारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) "**कृषक**" भन्नाले केराबारी गाउँपालिकाको कृषि ऐन , २०७७ अनुसार परिभाषित व्यक्ति सम्झनु पर्छ।

घ) "**पशु सेवा शाखा**" भन्नाले केराबारी गाउँपालिकाको अन्तर्गत रहेको पशु सेवा शाखा सम्झनु पर्दछ ।

ङ) “**कृषि समिति**”भन्नाले केराबारी गाउँपालिकाको कृषि ऐन, २०७७ बमोजिम कार्यपालिकाबाट गठित गाउँपलिका स्तरिय कृषि समिति सम्झिनु पर्दछ ।

च) “**ऐन**” भन्नाले केराबारी गाउँपालिकाको कृषि ऐन,२०७७ लाई सम्झनु पदर्छ ।

छ) “**फर्म**”भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको निजि क्षेत्रका ब्यवसाय/उद्यमीको पशु सम्बन्धि ब्यबसाय गर्ने फर्मलाई सम्झनु पर्दछ ।

ज) “**कम्पनी**” भन्नाले ब्यबसाय गर्न चाहने व्यक्ति वा समुहले प्रचलित कानुन अनुरुप दर्ता भएको पशु ब्यबसाय सम्बधित कार्य गर्ने कम्पनीलाई सम्झनु पर्दछ ।

झ) “**कृषक समूह** ”भन्नाले कृषि पेशामा सलग्न भईमिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम पन्ध्र वा सो भन्दा बढी व्यक्तिहरु मिलि सामुहिक प्रयासबाट कृषि क्षेत्रमा साझा उदेश्यहरु प्राप्त गर्न साविकको जिल्ला पशु सेवा कार्यालय तथा यस गाउँपालिकामा दर्ता भएका कृषक समूह सम्झनु पर्दछ ।

ञ) “**कृषि सहकारी**” भन्नाले बिगत सहकारी डिभीजन कार्यालय तथा जिल्ला कृषि विकास कार्यालय

अन्तर्गत दर्ता भएका वा केराबारी गाउँपलिका भित्र रहेका सहकारी ऐन, २०७५ अनुरुप दर्ता भएका सस्था सम्झनु पर्दछ ।

ट) "**अनुदान**" भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराइने रकम वा जिन्सी सामग्रीलाई सम्झनु पर्दछ ।

ठ) "**अनुदानग्राही**"भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कृषकसमूह/कृषि तथा बहुउदेश्य सहकारी सस्था आदिलाई सम्झनु पर्दछ ।

ड) "**स्वीकृत बार्षिक बजेट** " भन्नाले केराबारी गाउँपालिकाको चालु आ.व.बाट पशु विकास कार्यक्रम संचालनको लागि तोकिएको बजेट रकम भन्ने सम्झनु पर्दछ ।

ढ) "**बिपन्न सदस्य**" भन्नाले सम्बन्धितवडा कार्यालयले बिपन्न हो भनि सिफारिस गरेको सदस्य सम्झनु पर्दछ ।

## परिच्छेद २

## पशु विकास कार्यक्रम संचालनका क्षेत्र

**३. कार्यक्रमका क्षेत्र** :- केराबारी गाउँपालिकाको चालु आ.व.२०८१/०८२ मा देहाय बमोजिमका क्षेत्रहरु मध्ये कार्यक्रम सञ्चालन हुनेछ ।

क) बाख्रा प्रवर्द्धन कार्यक्रम,
ख) गाईप्रवर्द्धन कार्यक्रम,
ग) हिउँदे घाँस वितरण कार्यक्रम
घ) डेरी तथा पशुपालन सम्बन्धी सामाग्री वितरण कार्यक्रम,
ङ) माहामारी रोग नियन्त्रण कार्यक्रम
च) पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम
छ) व्यबसायिक पशुपालन कृषकहरुलाई तालिम

## परिच्छेद३

## पशु विकास कार्यक्रम संचालनका उदेश्यहरु

**४. पशु विकास कार्यक्रम उदेश्य :-** पशु विकास कार्यक्रम संचालनका उदेश्यहरु देहाय बमोजिम रहेका छन् :-

१. गाउँपालिकाको नीति तथा कार्यक्रम र वार्षिक बजेटको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
२. केराबारी गाउँपालिकामा दर्ता भएका वा व्यवसायिकपशुपालन कृषकलाई आवश्यकपर्ने पशुजन्य सेवाहरु उपलब्ध गराउने।

३. पशुपन्छीहरुको रोग निदान, उपचार र नियन्त्रणमा सहयोग गर्ने।

४. पशु स्वास्थ्य सम्बन्धि जनचेतना अभिबिद्धि गर्ने ।

५. पशु उपजहरुको उत्पादनमा बृद्धि गरि आयात कम गर्ने ।

६.बेरोजगार जनशक्तिलाई पशुपालन ब्यबसायमा आकर्षित गराई रोजगारी सिर्जनाको माध्यमबाटयुबाहरुको पलायनलाई कम गर्ने ।

७.अनुदानको कार्यक्रम सञ्चालन गरि पशुपालन व्यवसायमा कृषकहरुलाई आकर्षित गराउने ।

८.केराबारी गाउँपालिकालाईपशुजन्य उपजमा आत्मनिर्भर बनाउने आदि ।

## परिच्छेद ४

## पशु विकास अनुदान कार्यक्रम मुल्यांकन समिति

**५. मुल्यांकन समिति :-** यस कार्यविधिको दफा ३ बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न प्रस्ताव मुल्यांकन तथा स्वीकृतिका लागि केराबारी स्तरिय आर्थिक समितिले गर्नेछ ।

मुल्याकन समितिले निर्णय गर्दा लिईने आधारहरु

क) पशु सेवा शाखा कर्मचारीहरुले गरेको स्थलगत अनुगमन प्रतिवेदन

ख) आवेदकले पेश गरेक अनुसुचि २ बमोजिमको निवेदन, अनुसुचि ३ बमोजिमको प्रतिवेदन पत्र र अनुसुचि-४ बमोजिमका कार्ययोजना विवरण
ग) विगतका आर्थिक वर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायवाट अनुदान प्राप्त नगरेको अनुसुची -५ बमोजिमको स्व-घोषणा पत्र

## परिच्छेद ५

## अनुदानग्राहीको छनौट तथा सम्झौता सम्बन्धी व्यवस्था

**६. सुचना प्रकाशन गर्नु पर्ने :-** कार्यालयले दफा ३ बमोजिमका कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा सहभागी हुन इच्छुक कृषि फर्म, कृषक समुह/कृषि सहकारी तथा साझेदार संस्थाहरुलाई प्रस्ताव पेश गर्न कार्यालयले पन्ध्र दिनको समयावधि दिई अनुसूची १ बमोजिम सूचना प्रकाशन गर्नुपर्नेछ ।

**७. प्रस्ताव पेश गर्नु पर्ने** :- दफा ६ बमोजिम जारि भएको सूचनामा उल्लेखित कार्यक्रममा सहभागी भई लागत साझेदारी मार्फत अनुदान प्राप्त गर्न इच्छुक अनुदानग्राहीहरुले दफा ६ बमोजिम समयावाधी भित्र अनुसूची २ बमोजिमको आवेदन साथ अनुसूची ३ बमोजिमको कर्ययोजना तयार गरि कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

**८. स्वीकृतिको लागि पेश गर्नु पर्ने** :-दफा ५ बमोजिमको मुल्याकन समितिले दफा ७ बमोजिम प्राप्त प्रस्तावहरु अनुसूची ६ बमोजिममुल्याकन

गरि प्राप्त अंकका आधारमा प्रस्तावको स्वीकृतको लागि गाँउ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**९. सम्झौता सम्बन्धी व्यवस्था** :-(१) कार्यालयले कार्यपालिकाबाट प्रस्ताव स्वीकृत गरिएको अनुदानग्राहीलाई सात दिन भित्र प्रस्ताव स्वीकृत भएको जानकारी दिनु पर्नेछ ।

(२) प्रस्ताव स्वीकृत भएको अनुदानग्राही ले प्रस्ताव स्वीकृत भएको जानकारी पाए पश्चात सम्झौताको लागी देहाय बमोजिम कार्य गर्नु पर्नेछ ।

(क) जानकारी दिएको मितिले पन्ध्र दिन भित्र सम्बन्धित साझेदार संस्थाले कार्यलयसंग अनुसुची ७ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(ख) उपदफा १ बमोजिम समय अवधि भित्र सम्झौता गर्न नआएमा क्रमशः दोस्रो र तेस्रो प्राथमिकतामा रहेको साझेदार सस्थासंग सम्झौता गर्न सक्ने छ ।

(ग) रित पुर्बकको एक मात्र प्रस्ताब दर्ता हुन आएमा छनौट गरि सम्झौता गर्न वाधा पर्ने छैन ।

(घ) उपदफा (३) बमोजिम प्रस्ताब आहान गर्दा प्रस्ताब नपरेमा वा एक मात्र प्रस्ताब परि सम्झौता गर्न नआएमा गाउँपालिका पुन प्रस्ताब आव्हान गर्नेछ ।

## परिच्छेद ६
## पशु प्रवर्द्धन कार्यक्रम

### १०. बाख्रा प्रवर्द्धन कार्यक्रम
**(क) कार्यक्रम संचालनप्रकृया ;-**

१) यस कार्यक्रम केराबारी गाउँपालिकाका कुनै एक वडामा वा वडाहरुमा संचालन हुनेछ ।
२) निजि क्षेत्रका आवेदकले कम्तिमा २० वटा वा सो भन्दा बढि बाख्रा पालन गरेको हुनुपर्नेछ ।
३) समुह वा सहकारीको हकमा कम्तिमा १५ जना बाख्रापालक कृषक सदस्य समाबेश हुनुपर्नेछ र प्रत्येक सदस्यले १० वटा बाख्रा पालन गरेको हुनुपर्नेछ ।
४) दफा २ र ३ बमोजिम छनोट भएका कृषकहरुलाई गाउँपालिकाले अनुदान रकम उपलब्ध गराउने छ ।

५) **बोका वितरण** — (१) समुहमा रहेका स्थानिय बाख्राहरुको नश्ल सुधारको लागि समुहलाई ५० प्रतिशत ब्लड लेभलभएको उन्नत बाख्रा/बोका खरिदका लागि अनुदान उपलब्ध गराईनेछ ।
६) बोका खरिद गर्दा ६-८ महिनाको हुनु पर्ने छ र बोका स्वस्थ, सक्रिय र पि.पि.आर. खोप लगाएको हुनुपर्नेछ ।
७) बाख्रा खरिद गर्दा ९-१५ महिनाको हुनु पर्ने र स्वस्थ, सक्रिय र पि.पि.आर. खोप लगाएको हुनुपर्नेछ ।

## ख. कार्यक्रम सञ्चालनको आर्थिक पक्ष, अनुदान प्रतिशत र सिमा

१) कुल लागतको बढिमा ५० प्रतिशत अनुदान र ५० प्रतिशतको साझेदारी सम्बन्धित साझेदारले गर्नु पर्नेछ ।

२) विगतका वर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु संचालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोहि कार्यक्रममा छनोट गर्न पाइने छैन ।

३) साझेदार संस्थाको छनोट यस केराबारी गाउँपालिकाले गर्ने छ ।

४) सम्झौता छनोट भएका आवेदकहरुसंग गाउँपालिका कार्यालयले अनुसुचि -७ बमोजिमको सम्झौता गर्नेछ ।

५) साझेदार सस्था, फर्मले प्राप्त गर्ने अनुदान र स्व-लगानीको विवरण रकम

| क्र.स. | कार्यक्रम विवरण | अनुदान | स्व-लगानी | जम्मा |
|---|---|---|---|---|
| १ | माउ बाख्रा / ब्याड बोका खरिद | ५०% | ५०% | १००% |
| २ | खोर निमार्ण | ५०% | ५०% | १००% |

## ग. बाख्राको खोर निर्माणका मापदण्डहरु

१) खोर बनाउँदा जमिनको सतह देखि ९० से.मि. उचाइमा टाँड भएको हुनु पर्दछ ।

२) टाँड बनाउँदा ३.५ से.मि. देखि ४ से.मि. चौडाइका काठ वा बाँसका भाटाहरु बिछ्याउने बनाउनु पर्दछ दुईवटा भाटाको बिचमा १.२५ से.मि. को खालि ठाउँ राखेर टाँड बनाउनु पर्दछ ।

३) टाँड देखि छानासम्मको उचाइ १५० से.मि. देखि २२५ से.मि. हुनु पर्दछ ।

४) काठ, बाँस वा अन्य स्थानिय स्तरमा उपलब्ध अन्य सामग्रीहरु प्रयोग गरी खोरको खम्बा, भित्ता र छाना बनाउन सकिन्छ ।

५) सामान्यतया प्रति पाठापाठी ०.६५ देखि ०.७५ वर्ग मिटर वयस्क माउको लागि १.५ देखि २ वर्ग मिटर र व्याडको बोकाका लागि २.५ देखि ३ वर्ग मिटरका दरले खोर भित्र वस्ने स्थान आवश्यक पर्दछ ।

## ११. गाई प्रवर्द्धन कार्यक्रम

क. कार्यक्रम को उद्देश्य

(१) केराबारी गाउँपालिकामा बाहिरवाट आयत गरिने गाई, बाच्छा बाच्छीको संख्या कम गराउने ।

(२) दुध तथा दुग्ध पदार्थ आयात न्युनीकरण गर्ने ।

(३) गाईपालन पेशालाई मर्यादित व्यवसायिक बनाउने ।

**ख. कार्यक्रम सञ्चालन प्रक्रिया-**

१) यस कार्यक्रम गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमका वडाहरुमा सञ्चालन हुर्नेछ ।

२) निजी क्षेत्रका आवेदकले कम्तिमा २ वटा वा सो भन्दा बढि गाई/भैसी पालन गरेको हुनु पर्नेछ ।

३)समुह वा सहकारीको हकमा कम्तिमा १५ जना गाई/भैसिपालक कृषक सदस्य समावेश हुनुपर्नेछ र प्रत्येक सदस्यले २ वटा गाई/भैसिपालन गरेको हुनु पर्नेछ ।

४) दफा २ र ३ बमोजिम छनोट भएका कृषकहरुलाई गाउँपालिकाको आर्थिक विकास समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुदान रकम उपलब्ध गराउने छ ।

**ग. अनुदान कार्यक्रममा बितरण हुने गाईहरुको मापदण्ड तपशिल बमोजिम हुनेछ ।**

१) पहिलो र दोस्रो वेत सम्मको र स्वस्थ हुनुपर्नेछ ।

२) गाईको साथमा बाछा बाछी हुनुपर्नेछ ।

३) प्राविधिक वा पशु डक्टर वाट दिर्घ रोगि तथा अपाङ्गता नभएको प्रमाणित भएको हुनुपर्नेछ ।

४) गाईको जात पहिचान भएको हुनुपर्नेछ ।

५) कम्तीमा पनि दोस्रो वेतको गाईले घटिमा १२ लि. सम्म दुध उत्पादन र पहिलो वेतको हकमा १० लि. दुध उत्पादन हुनुपर्नेछ ।

६) गाईको अनिवार्य विमा गरेको हुनुपर्नेछ ।

**घ. अनुदान प्रतिशत र सीमाः**

१) कुल लागतको बढिमा ५० प्रतिशत अनुदान र ५० प्रतिशतको साझेदारी सम्बन्धित साझेदारले गर्नु पर्नेछ ।

२) विगतका वर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु संचालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोहि कार्यक्रममा छनोट गर्न पाइने छैन ।

३) साझेदार संस्थाको छनोटः  साझेदार संस्थाको छनोट यस केराबारी गाउँपालिकाले गर्ने छ ।

४) सम्झौता छनोट भएका आवेदकहरुसंग गाउँपालिका कार्यालयले अनुसुचि-७ बमोजिमको सम्झौता गर्नेछ ।

५) कार्यलयवाट तयार भएको स्पेसिफिकेशन भित्र रहि उपभोक्ताले गाई खरिद गर्नु पर्ने छ र गाईको प्राविधिकवाट मुल्याकन भए पश्चात मुल्याकन वमोजिम रकमको ५०% रकम गाउँपालिकाले उपभोक्तालाई अनुदान स्वरुप उपलब्ध गराउनु पर्नेछ ।

६) साझेदार सस्थाले प्राप्त गर्ने अनुदान र स्व-लगानीको विवरण रकम

| क्र. स. | कार्यक्रम विवरण | अनुदान | स्व-लगानी |
|---|---|---|---|
| १ | माउ गाई खरिद | ५०% | ५०% |
| २ | गोठ निमार्ण (गोठ निर्माण गर्दा भुई पक्कि, नाली बनाई मुत्र संङ्कलन, १० फिट पर कच्चि गोबर पिट, घाँस राख्ने ठाउँ निर्माण), | ५०% | ५०% |

## ङ. गोठ निर्माणका मापदण्डहरु

१) साधारणतया एक भैंसी /गाई बस्नका लागि ७ फिट लम्बाईर ५फिट चौडाई सिफारिस गरेको पाइन्छ ।

२) यसरी प्रतिभैंसी/गाईलाई ३५ वर्गफिट क्षेत्रफलको आवश्यकता पर्दछ ।

३) एक गाई वा गोरुका लागि ६ फिट लम्बाई र ४ फिटचौडाई गरेर जम्मा २४ वर्गफिट क्षेत्रफल आवश्यकपर्दछ ।

४) गोठ बनाउँदा प्रशस्त मात्रामा प्रकाश र स्वच्छ हावा खेल्नेगरी बनाउनपुर्दछ ।

५) गोठ जमिनको सतह भन्दा १ देखि१ फिट अग्लो बनाउनु उपयक्त हुन्छ ।

## परिच्छेद ७

## पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम

**१२. पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया** :-पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका सञ्चालन प्रक्रिया देहाय बमोजिम रहेका छन:-

१) केराबारी गाउँपलिकामा दर्ता भएका व्यवसायिक पशुपालन फर्महरुलाई यस कार्यक्रममा सहभागी गराईनेछ ।

२) केराबारी गाउँपलिकामा दर्ता भएका तपशिल बमोजिमका पशु बस्तु संख्या रहेका फर्महरुलाई अनुगमन गरि यस कार्यक्रममा सहभागी गराईनेछ।

१. गाई,भैसीपालनको हकमा कम्तिमा ५ माउहुनुपर्ने,
२. पाडापाडीपालनको हकमा कम्तिमा १० वटा पाडापाडी हुनुपर्ने,
३. बाख्रापालानको हकमा कम्तिमा २० माउ हुनुपर्ने,

४. बंगुर/सुगुरको हकमा कम्तिमा पाठापाठी उत्पादनका लागि ५ माउ र मासु उत्पादनका लागि १० वटा हुनुपर्ने,

५. मत्स्यपालनको हकमा कम्तिमा ५ कठ्ठा क्षेत्रमा हुनुपर्ने।

३) गाउँपालिकाले कानुनी रुपमा यस गाउँपलिकामा दर्ता भएकापशुफर्मकालागि आवश्यक पर्ने औषधि , भ्याक्सिन तथा अन्य सामग्रीको व्यवस्थापन गर्ने ।

**१३. पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रमको लागत विवरण :-**१) यो कार्यक्रम सञ्चालनको लागि आवश्यक सम्पुर्ण क्रियाकलापहरुको सञ्चालन गर्न चार लाख पचहत्तर हजाररुपैया बिनियोजन भएको छ । जसको वितरण देहाय बमोजिम हुनेछ ।

| **क्र.स.** | **क्रियाकलाप** | **लागत (रु)** |
|---|---|---|
| १. | कम्तिमा १०० वटा व्यवसायिक पशुपालन फर्महरुलाई रु. ४७५०।-बराबरको परजीवी नियन्त्रण, भिटामिन र मिनिरलका औषधिहरु तथा अन्य सामग्री उपलब्ध गरिनेछ । | ४,७५०००।- |

**१४. घाँस विकास कार्यक्रमः**

क) घाँस विकास अन्तर्गतका कार्यक्रम, मापदण्डहरु, क्रियाकलापहरु र अनुदान वितरण प्रक्रिया

| सि.नं. | कार्यक्रम | मापदण्ड | संञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिश |
|---|---|---|---|---|
| १. | वर्षिम र जै घाँसको बिउ वितरण | यस कार्यक्रमका लागि पशुपालन गरेका कृषक, दर्ता भएका फार्म, समुह, सहकारी वा कम्पनी पर्नेछन । | घाँस उत्पादनमा प्रयोग हुने विउ खरिद तथा ढुवानी अनुदान | १००% अनुदानमा |

## परिच्छेद ८
## पशुपालन व्यवस्थापनको लागि सामग्री वितरण कार्यक्रम

**१५. पशुपालन व्यवस्थापनको लागि सामग्री बितरण कार्यक्रम:-** केराबारी गाउँपालिका भित्रका पशुपालन व्यवसायमा सक्रिय नागरिकहरुलाई पशु आहार व्यवस्थापनमा प्रविधिको प्रयोग गर्न प्रोत्साहित गर्ने उद्देश्यले च्यापकटर तथा दाना बनाउने मिलकृषकहरुको आवश्यकता र माग अनुसारका उपकरणहरु उपलब्ध गराउने कार्यक्रम राखि पशुपालक कृषकहरुलाई उत्प्रेरित गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।

**१६.सामग्री बितरण कार्यक्रम संचालन बिधि :**(१) यस गाँउपालिका भित्र रहेको पशुपन्छी ब्यबसायहरुलाई समाबेश गराई कार्यक्रम सचालन गरिने छ ।

(२ ) गाउँपालिका तथा पशुपन्छी सेवा शाखामा कानुनी रुपमा दर्ता भएका अनुदानग्राहीहरुलाई सहभागी गराई लागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

**१७. अनुदानको न्यूनतम मापदण्ड-**साझेदार संस्थाको ब्यबसाय संचालनमा भएको हुनु पर्ने र फर्मको हकमा कम्तिमा माउ गाई संख्या ५, माउ भैसी संख्या ५, माउबंगुर संख्या ५ माउ बाख्रा संख्या २० आदि पाल्दै उत्पादन हुदै गरेको अर्थात् सम्पूर्ण व्यवसाय, फर्महरु मापदण्ड अनुसार हुनुपर्ने ।

**१८. अनुदान र स्वलगानीको बिवरण** :-गाई,भैसी तथा बाख्रा पकेट कार्यक्रममा साझेदार संस्थाले पाउने अनुदान र स्वलगानीको विवरण देहाय बमोजिम हुनेछ :-

१,जुन सुकै जिन्सी सामग्रीमा कुल लागतको ७५ प्रतिशत अनुदान दिईनेछ |

## परिच्छेद ९

### १९. तालिम संचालन

१) कृषकहरुलाई समुहको माग अनुसारको विषयमा पशु पालन सम्बन्धी ३ दिने तालिम सञ्चालन गरिनेछ ।

२) उपदफा १ बमोजिम सञ्चालन गरिने तालिममा असल पशुपालन अभ्यास, पशु स्वास्थ्य, नश्ल सुधार, खोर सुधार र पशु आहारा व्यवस्थापन आदी विषयहरु सम्वन्धी तालिममा प्राथमिकता दिइनेछ ।

३)समूहको मागमा आधारित विषयमा १ दिवसिय स्थलगत अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ

**लक्षित वर्ग समावेशका लागि देहायका कृषकहरुलाई प्राथमिकता दिई तालिमका लागि छनोट गरिनेछ ।**

१. पशुपालनलाई आय आर्जनको श्रोतको रुपमा लिइरहेका कृषकहरु
२. पशु पालन सम्वन्धी जलवायु तथा पोषणमैत्री प्रविधिहरु अवलम्वन गर्न इच्छुक कृषकहरु
३. तालिममा कृषक समुहवाट सम्भव भए सम्म ५० प्रतिशत सम्म महिला कृषक सदस्यहरुको सहभागीता गराइनेछ ।

## परिच्छेद १०

### २०.औषधी खरिद तथा बितरण—

यस कार्यविधिमा औषधी खरिद तथा बितरण कार्यक्रम भन्नाले पशुहरुमा लाग्ने रोग तथा परजिवि निवारण गर्नका लागि औषधी खरिद विरण गर्ने क्रियाकलापलाई जनाउने छ ।

क) औषधी खरिद :

- पशुपन्छीहरुमा देखा पर्ने रोग, आन्तरिक तथा बाह्य परजिवि नियन्त्रण गर्न सामान्य रोगको उपचार गर्ने कार्यका लागि औषधी खरिद गरिन्छ ।
- पशुको उपचारार्थ खरिद गरिने औषधी कार्यक्रम बमोजिमका हुनेछन ।
- औषधी खरिद गर्दा खरिद समितिको स्विकृत गरी कोटेश्न वा टेन्डरको माध्यम अनुसार खरिद गरिने औषधीहरुका लागि कार्ययोजना निमार्ण गरी टिप्पणी आदेश पेश गरि स्विकृत पश्चात खरिद गरिने छ।
- आवश्यक औषधी खरिद गर्दा कोटेश्न वा टेन्डरको माध्यमवाट आवश्यकता प्रकृया पुरा गरि खरिद ऐन अनुसार खरिद गरिनेछ।

- औषधी खरिद पश्चात जिन्सी शाखामा दर्ता गरि सेवा प्रवाह गर्न वडाहरुमा पठाई आवश्यक्ता अनुसार वितरण गरिनेछ ।

ख) औषधी वितरण :

- केराबारी गाउँपालिकाका कृषक, फर्म, सहकारी तथा कृषक समुहमाऔषधी वितरण गरिने छ ।
- औषधी वितरण कार्य पशु विकास शाखा तथा वडा कार्यालय मार्फत विवतण गरिने छ ।
- गाई भैसिको आन्तरिक परजीवि नियन्त्रण गर्ने औषधीको हकमा गोबर परिक्षण पश्चात परजीविको पहिचान गरि रोग निधान पश्चात मात्र वितरण गरिन्छ ।
- अन्य पशुहरुमा लक्षणको आधारमा रोग तथा परजीवि पहिचान गरी औषधी वितरण गरिन्छ कृषकले आफ्ना लागि आवश्यक औषधी मात्र प्राप्त गर्ने छ(छिमेकी तथा आफन्तका लागि लैजान पाउने छैन) ।
- कार्यालयमै आएका पशुपन्छीहरुको उपचार वापत लाग्ने शुल्क आर्थिक ऐनको अनुसुची १२ बमोजिम शुल्क लिई उपचार गरिने छ ।
- वितरण गरिएको औषधीको रेकर्ड दुरुस्त राखिने छ ।

## परिच्छेद ११

### २१. कृत्रिम गर्भाधान प्रवर्द्धन कार्यक्रम:

पशु नश्ल सुधारका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी दुध र मासुमा आत्मनिर्भरता, आयात प्रतिस्थान र निर्यात प्रवर्द्धनमा सघाउ पुर्याउने उद्देश्य अनुरुप कृत्रिम गर्भाधान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

क) कृत्रिम गर्भाधान प्रवर्द्धन कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

१) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि आवश्यक फोजन सिमेन र तरल नाईट्रोजन खरिद, ढुवानी र वितरण

२) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि लजिष्टिक ( नाईट्रोजन कण्टेनर, रेफ्री, ग्लोब, सिथ, थईङ्ग, किट, एप्रोन, गमबुट, ए.आई.गन आदि) व्यवस्थापन

३) कार्यक्रम को प्रकृति अनुसारका आवश्यक मेशिनरी, औजार, यन्त्र, उपकरण आदि खरिद र जडान।

### २२. कुकुर बन्ध्याकरण कार्यक्रम (सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम):

रेविज रोग मानव पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो । पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठुलो समस्याको रुपमा विद्यमान रेविज

रोगका कारण पशु पालक कृषकहरुले ठुलो आर्थिक क्षती व्यहोर्दै आएका छन। सामुदायिक कुकुरको बन्ध्याकरण गरि कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य एवं पशुधन संरक्षणमा टेव पुर्याउने उद्देश्यले जोखिमलाई न्युनिकारण गर्न सकियोस यि कार्यक्रम राखिइको छ।

**क) उद्देश्य :**

सामुदायिक तथा घर पालुवा कुकुर वन्ध्याकरण केराबारी गाउँपालिकालेकुकुर बन्ध्याकरण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या निधारण गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा सम्वन्धीत पशुपन्छी सेवा शाखाले पशुकल्याणमा संग्लन संघ/संस्था/भेटेरिनरी क्लिनिक तथा पशु चिकित्सक अनिवार्य रहने गरी स्थानीय तहमा कार्यरत भेटेरिनरी प्राविधिकको सहकार्यमा संचालन गर्न सक्नेछ।

यस कार्यक्रमा सामुदायिक भाले पोथि दुवै बन्ध्याकरण गरिने छ ।

**ख) आर्थिक कार्यविधि :**

पशुपन्छी सेवा शाखाले संचालन गरेक कुकुर बन्ध्याकरण कार्यक्रम संचालन गर्न केराबारी गाउँपालिकाको सम्बन्धी शाखाको उक्त कार्यक्रममा विनियोजित बजेटबाट आवश्यक सामग्री कानुन बमोजिम खरिद गर्न सकिने छ,।

यस कार्यक्रम कार्यन्वयन गर्न कुल बजेटको २०% (प्रतिशत) रकम खाजा खाना, कार्यालय व्यवस्थापनमा तथा सुचना प्रवाहमा खर्च गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न भैसके पछि सो को प्रगति विवरण र बन्ध्याकरण तस्विरहरु लगायत अन्य कागजात पेश गर्नु पर्ने छ ।

त्यस कार्यका लागि तपशिल बमोजिका क्रियाकलापहरुमा निम्नानुसार रकम खर्च गर्न सकिने छ ।

**कुकुर बन्ध्याकरणका लागि कुल लागत**

| क्र.सं. | क्रियाकलापहरु | लक्ष्य | लागत | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार्य संचालन गर्नको लागि सुचना ब्यानर | १ पटक | १०००० | १०००० | |
| २. | आवश्यक समान, औषधी तथा अन्य लजिष्टिक | १ पटक | ४५२५० | ४५२५० | |
| ३. | चिया पान, खाजा खर्च | १ पटक | १२००० | १२००० | |
| ४. | कुकुर बन्ध्याकरण | ८०-८५ संख्या | २१०० | १८२७५० | |
| | जम्मा | | | २५०००० | |

नोट: लक्ष्य अनुसार लागत इस्टिमेट घटबढ गर्न सकिनेछ ।

## परिच्छेद १२
## माहामारी रोग नियन्त्रन कार्यक्रम

### २३. परिचय

पशुपन्छिहरुमा बिभिन्न् माहामारि रोग  हरुले गर्दा वर्षेनी   धेरै संख्यामा पशुधनहरुको क्षेति  भइरहेको छ र हाल देश ब्यापि रुपमा फैलिएको लम्पि स्किन तथा अन्यमाहामारि रोगहरु बाट पनि धेरै पशुबस्तुहरु प्रभाबितभईरहेको छ। जस रोगको कारणले पशुपन्छिहरु मृत्यु हुने, कम्जोर हुने, दुध उत्पादन घट्ने र बाझोपन तथा प्रजन्न बिक्रृतिहरुको समस्या निम्त्याउने  हुदाँयस पालिकाका कृषकले पशुपालन बाट हाल ठुलो आर्थिक नोक्सानि ब्यहोर्नु परेको छ।यसर्थ पशुपन्छीहरुमा पटक/पटक माहामारीको रुपमा हुने सरुवा रोगको नियन्त्रण गर्न खोपकर्ता(भ्याक्सिनेटर)लाई दिईने पारिश्रमिक र संचालन बिधि तैयार पारिएको छ ।

### २४.खोप संचालनका बिधि ;

स्थानिय पशु सेवा शाखाले खोप कार्य गर्नेको लागि खोप लगाउने पशुको संख्या तथा स्थानको आधारमा भ्याक्सिनेटेरको रुपमा ग्रा.प.स्वा.का.,निजि स्तरमा कार्यरत भेटेरिनेरि जे.टि/जे.टि.ए,पशु चिकित्सक र आवश्यक परेको अवस्थामा सरकारी सेवामा रहेको प्राबिधिकहरुलाई समेत खोप कार्यको अवधि भरकरार सम्झौता गरि/गराइ काममा लगाइने छ।

प्राप्त खोपहरु निर्धारण भएको स्थान र संख्यामा संचालन तथा ब्यवस्थापन गर्ने, घोलबनाइप्रयोग गरिने खोपहरुलाई सकेसम्म छिटो(आधा घण्टामा )प्रयोग गर्नु पर्नेछ र खोप तथा खोपको लागि पर्ने आवश्यक सामाग्रिहरु स्थानीय तहको पशुपन्छि सेवा शाखाले उपलब्ध गराउनु पर्ने छ । साथै पशुपन्छि बिकासकार्यक्रम संचालन कार्यबिधि २०८१मा उल्लेख भए बमोजिम खोपको पारिश्रमिक नियुक्ति भएको खोप कर्ताले आवश्यक विवरण सहितको प्रमाणित कागजातहरु पेश गरे पश्चात  नियम अनुसार भुक्तानि गरिने छ ।

## २५. खोप कर्ताको पारिश्रमिक सम्बन्धि ;

पशुपन्छिमा बिभिन्न माहामारी रोग   को कारणले  बर्षेनी धेरै संख्यामा पशुपन्छिको क्षेति भइ किसानको नोक्सानि हुनाले  रोग नियन्त्रणका लागि प्रत्येक बर्ष खोप कार्यक्रम गर्नु पर्ने हुन्छ । सो खोप संचालनका लागि खोपकर्ता (vaccinator) हरुलाई दिइने पारिश्रमिक तोकिए बमोजिम निम्न अनुसार हुने छ ।

| क्र. सं. | पशुपन्छीको विवरण | क्षेत्र | शुल्क प्रति (पशु पन्छि | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | ) | |
| १ | गाई,भैसी,बाछा, बाछी,पाडा,पाडी | पहाडी वडा नं. १,२,३,४ | रू२. ५ | HS,BQ,FMD,LSD खोप लगाए बापत |
| | | तराई वडा हरु ५,६,७,८,९,१० | रु. २० | |
| २ | भेडाबाख्रा, | पहाडी वडा नं. १,२,३,४ | रू.१० | PPR, खोप लगाए बापत |
| | | तराई वडा हरु ५,६,७,८,९,१० | रु. ५ | |
| ३ | सुगुर,बंगुर | पहाडी वडा नं. १,२,३,४ | रू१. ५ | CSF, खोप लगाए बापत |
| | | तराई वडा हरु ५,६,७,८,९,१० | रु. १० | |
| ४ | पन्छि | पहाडी वडा नं. १,२,३,४ | रु२. | Ranikhet,gamboro खोप लगाए बापत |
| | | तराई वडा हरु ५,६,७,८,९,१० | रु. १ | |

## परिच्छेद१३
## बिबिध

**२६.आर्थिक प्रशासन सम्बन्धि ब्यबस्था :-** (१) दफा ३ बमोजिमका क्षेत्रहरुमा संचालन भएका कार्यकर्महरुको लेखांकन तथा लेखा परिक्षण सम्बन्धि ब्यबस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) उलेखित कार्यक्रमहरुको संचालनको लागि आवश्यक कर्मचारी तथा विज्ञहरुको ब्यबस्थापन गाँउपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम कर्मचारी तथा आवश्यकता अनुसारका विज्ञहरुको दैनिक भ्रमण भताको ब्यबस्थापन प्रचलित आर्थिक नियमानुसार गाउँपालिकाले गर्ने छ ।

**२७. अनुगमन मुल्यांकन तथा प्रतिबेदन सम्बन्धि ब्यवस्थाः-** यस कार्यक्रमको अनुगमन गाँउपालिकाबाट गठित अनुगमन समितिले गर्न सक्नेछ । सो कार्यक्रमको प्रतिबेदन गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

**२८. थपघट र हेरफेर गर्न सक्ने :-** यस कार्यविधिको कार्यन्वनलाई थप ब्यबस्थित र प्रभाबकारी बनाउन कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट तथा खारेज गर्न सक्ने छ|

**२९. प्रचलित कानुन बमोजिम हुनेः-** यस कार्यविधिमा उल्लेख भएका बिषय यसै कार्यविधि बमोजिम र अन्य बिषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ |

**३०. कारवाही हुने :-**सम्झौता अनुरुप काम नगर्ने लाभग्राहीको अनुदान रकम कार्यलयले रोक्का गर्न सक्नेछ ।

## अनुसूची १

**(दफा ९ को उपदफा ३ संग सम्बन्धित)**

**कार्यक्रम सम्बन्धि प्रस्ताव आह्वान  सम्बन्धि सुचना**

प्रथम पटक प्रकाशित मिति :-

आ.ब.------------------को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा रहेको ---------------------------------कार्यक्रममा सहभागी हुन् ईच्छुक कृषक/समुह/समिति/सहकारीलाई यस गाउँपालिकासंग लागत साझेदारी गर्न दरखास्त दिन आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र तोकिएको आबेदन अनुसार प्रस्तावित कार्ययोजना सहित यस कार्यलयमा निबेदन दिनहुँन सुचित गरिन्छ । आबेदन साथ् तपसिलको कागजातहरु सहितका बिबरणहरु खुल्ने कागजात पेश गर्नुपर्ने छ । साथै थप जानकारीको लागि यस गाँउपालिकाको पशुपन्छी सेबा शाखामा सम्पर्क गर्नुहुन यसै सुचनाबाट जानकारी गराईन्छ ।

**तपसिल :**

१. अनुसूची २ बमोजिमको आबेदन फारम,

२. अनुसूची ३ बमोजिमको कृषक समुह समितिको कार्ययोजना,

३. कृषक फर्म/कृषक समुह/समिति दर्ता/नविकरणको प्रतिलिपि,

४. ब्यबसाय भाडामा लिएको भए जग्गा भाडा लिएको पत्र,

५. फर्म/समुह/समिति/संस्थामा रहेको पशुपन्छी संख्या,

६. पान नं. को प्रतिलिपि र गत आ.व.को कर चुक्ताको प्रतिलिपि,

७. ब्यबसायको क्षमता, जग्गा घाँस रोपनको क्षेत्रफल आदि

अनुसूची -२

दफा ९को उपदफा ४ संग सम्बन्धित

आबेदन पत्रः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु

गाउकार्यपालिकाको कार्यलय, केराबारी।

**बिषय :अनुदान पाउ भन्ने बारे।**

केराबारी गाउ पालिकाबाट मिति -------------मा प्रकाशित सुचना अनुसार दरखास्त मांग भए बमोजिम -------------------------------- कार्यक्रममा सहभागी हुने चाहना भएकोले तपसिल बमोजिमको कागजातहरु संगन राखी नियमानुसार यो निबेदन पेश गरेको छु । गाउँपालिकाबाटअनुदान रकम प्राप्त भएमा यस कार्यविधि र प्रचलित कानुन बमोजिमका शर्त अनुसार कार्य सम्पन्न गर्ने प्रतिबद्यता समेत ब्यक्त गर्दछु ।

पेश गरिएको कागजातहरुः-

१. अनुसुची २ बमोजिमको आवेदन पत्र, अनुसुची-३ बमोजिमको प्रतिवद्धता पत्र र अनुसुची-४ बमोजिमको कार्ययोजना विवरण

२. कृषक/समुह/समिति दर्ता प्रमाण पत्रको प्रतिलिपी

३.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

४.नागरिकताको प्रतिलिपि

५. आ.ब. २०८१/०८२ कर चुक्ताको प्रतिलिपि

६. समुह/सहकारीको हकमा उक्त समुह/सहकारीको निर्णय

निवेदक

नाम :

पद :

दस्तखत :

फर्म /समुह /समितिको छाप /मिति :

## अनुसूची ३

## (दफा ९को उपदफा ४ संग सम्बन्धित)

## साझेदार फर्म/समुह/समिति/संस्थाले पेश गर्नुपर्ने कार्ययोजना बिबरण

कार्यकर्मको नाम :

संस्थाको नाम :

ठेगाना :

मिति :

रकम हजारमा :

| क.स. | क्रियाकलापहरु | स्थानीय सरकारको अनुदान | साझेदारको स्वलागानी | जम्मा लगानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**निवेदक**

नाम :

दस्खत :

समुह/समिति/फर्म/संस्था :

मिति :

## अनुसुची-४

## प्रतिबद्धता पत्र

केराबारी गाउँपालिकाको आ.व. ............. को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मिति .................गते प्रकाशित सुचना अनुसार ......................................कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं। उक्त कार्यक्रमा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु। कार्ययोजना अनुसारको कार्य नगरेमा केराबरी गाउँपालिकावाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला साथै सञ्चालित कृयाकलापवाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौं।

साझेदारको तर्फवाट

नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

| | |
|---|---|
| | |

मितिः

संस्थाको छापः

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसुची-५

## स्व-घोषण पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
केराबारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
केराबारी, मोरङ्ग

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .................को सुचना अनुसार, ..............................................ले ...............................कार्यक्रममा प्रस्ताव पेश गरेको हुदाँ तपशिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौ। यदि यस सो घोषणमा केहि झुट पाइएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौ ।

तपशिल

१) यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।

२) विगतका आर्थिक वर्षमा सोहि प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायवाट अनुदान प्राप्त गरेको छैन ।

आवेदकको नामः

पदः

ठेगानाः

व्यक्ति/समुह/सहकारीको नामः

सम्पर्क नं.

समुह/सहकारीको छापः

<u>औंठाको छाप</u>

# अनुसूची ६

## (दफा ९ को उपदफा ५ संग सम्बन्धित)

फर्म/समुह/समिति/संस्था छनोट गर्दा अपनाईने मूल्यांकनको दाँचा

| क.स. | द.न. | निवेदक संस्था को नाम | ठेगाना | कार्ययोजना २५ | ब्यबसायको साम्भाब्यता २५ | अनुभब/तालिम १० | बिप्पन फर्म /संस्था ५ | घाँस लागाएको क्षेत्र वा घाँस विकास खेति | आफैले ब्यबसाय संचालन गरेको अबस्थामा १० | कुल प्रतांक १०० |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २<br>५ | | |
| | | | | | | | | | | |

**कृषि समिति प्रतिनिधि पशुपन्छी सेबा शाखा प्रतिनिधि**

अनुसूची ७

**सम्झौता पत्र**

यस गाउपालिकाको चालु आर्थिक बर्ष ----------------------मा पशुपन्छी सेवा शाखा तर्फ बाट संचालन हुने ---------------------------------------------------------कार्यक्रमको लागि केराबारी गाउपालिकाको कार्यालय (यस भन्दा पछाडी प्रथम पक्ष् भनिने ) र छनौट भएका फर्म/समुह/समिति/संस्था -------------------------- (यसभन्दा पछाडी दोस्रो पक्ष् भनिने)बिच तपसिलका शर्तनामाको अधिनमा रही कार्यकर्म संचालन गर्न सम्झोता भएको छ ।

**शर्तनामाहरु :**

१. प्रथम पक्षले दोस्रो पक्षलाइ ----------------------------कार्यक्रम संचालनको लागि बडीमा २ दुई किस्ता माअनुदान रकम बैक खातामा

जम्मा गरि उपलब्ध गराउने छ । अनुदान रकम प्राप्त गर्न दोस्रो पक्ष्ले अनिबार्य रुपमा बिल/भापाई पेश गर्नुपर्ने छ ।

२. दोस्रो पक्ष् बाट अनुदान रकमको दरुपयोग भएमा प्रथम पक्षले साबा र सोको १०%हर्जाना सहित रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आबस्यक कारबाही गर्ने छ।

३. तोकिएको प्राबिधिक बिषयबस्तु लाई दोस्रो पक्षले अनिबार्य रुपमा पालना गर्नु पर्ने छ ।

४. ब्यबसाय बाट उत्पादित बस्तुको बजारको ब्यबस्था दोस्रो पक्ष स्वमले नै गर्नुपर्नेछ ।

५. प्रथम पक्षले नियमित रुपमा कार्यन्वनको अबस्था बारेमा अनुगमन/निरिक्षण गर्नुपर्नेछ ।

६. दोस्रो पक्षले प्रथम पक्षलाई नियमित रुपमा मासिक प्रगति बिबरण बुझाउनु पर्नेछ ।

७. यस सम्झौतामा उलेखित काम गर्दा परि आउँन सक्ने कुनै पनि भबितब्यको पूर्ण जिम्मेबारी दोस्रो पक्षले स्वयम हुनेछ ।

८. यस सम्झौतामा उलेख भएको बिषय यसै सम्झौता बमोजिम र यसमा उलेख नभएका बिषयहरु प्रचलित एन/नियम बमोजिम हुनेछ ।

**दोस्रो पक्षको तर्फ बाट :पशुपन्छी सेबा श्हखा तर्फ बाट पहिलो पक्षको तर्फ बाट**

| | | |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| ठेगाना : | ठेगाना :ठेगाना : | |

सम्पर्क न. :

सम्पर्क न. :सम्पर्क न. :

आज्ञाले

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत